मासिक

# विपद् बुलेटिन

अंकः ६

२०७८ पुस

## यस भित्र

२ पुनर्निर्माणका कामलाई प्राधिकरणले प्रभावकारी समन्वय गर्छ : प्रवक्ता भट्टराई

३ हात्तीको आक्रमणबाट २० वर्षमा २ सय ७४ जनाको मृत्यु

४ नेपाली सेनाको हवाई सेवाः धेरैको बच्यो ज्यान !

५ विपद् प्रतिकार्यमा सशस्त्र प्रहरीको भुमिका प्रशंसनीय : प्रधानमन्त्री देउवा

## अबको पुनर्निर्माण कसरी ?



काठमाडौं । भूकम्पपछिको पुनर्निर्माण तथा पुनर्स्थापनाको जिम्मा पाएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्धारित समय र अतिरिक्त थप गरेको समयावधि सकिएसँगै खारेज भएको छ । प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनासम्बन्धी कतिपय काम सम्पन्न गर्न भने सकेन । त्यस्ता अधुरा रहेका काम विभिन्न निकायलाई जिम्मा लगाइएको छ ।

प्राधिकरणले विद्यालय भवनतर्फ ७ हजार ५ सय ५३ विद्यालय भवनको पुनर्निर्माणको लक्ष्य राखेको थियो । प्राधिकरणका अनुसार ६ हजार ६ सय ४७ भवन मात्रै पुनर्निर्माण सम्पन्न भएको छ । अझै ९ सय ३६ विद्यालय भवन पुनर्निर्माण तथा पुनर्स्थापना बाँकी रहेको छ ।

त्यस्तै १ हजार १ सय ९७ स्वास्थ्य संस्थानका भवन पुनर्निर्माण गर्नुपर्नेमा ७ सय ५१ वटाको मात्रै सम्पन्न भएको छ । अझै ३ सय ५४ भवनको पुनर्निर्माण गर्न बाँकी छ । ४ सय १५ वटा सरकारी भवनको पुनर्निर्माण गर्नुपर्नेमा ३ सय ८८ वटाको सम्पन्न गरेको छ ।

सांस्कृतिक सम्पदातर्फ ९ सय २० वटाको पुनर्निर्माण गर्नुपर्नेमा अझै २ सय ८८ वटाको पुनर्निर्माण बाँकी रहेको छ । सुरक्षा निकायतर्फ २ सय १६ वटा पुनर्निर्माण प्राधिकरणमार्फत गर्ने लक्ष्य लिएकोमा सबै पूरा भएको प्राधिकरणले जनाएको छ । ४० लाख नागरिकसँग सरोकार जोडिने काठमाडौं परिसर भने अहिले पनि टेकुमा पाल टाँगेर बस्दै आएको छ ।

आवास पुनर्निर्माणतर्फ पनि झन्डै डेढ लाखको काम सम्पन्न हुन बाँकी रहेको पाइएको छ । पुनर्निर्माण लाभग्राहीका लागि अनुदान सम्झौतामा ८ लाख २९ हजार ६६७ ले सम्झौता गरेकोमा तेस्रो किस्ता लिनेको संख्या ७ लाख ३ हजार ३ सय ७ मात्रै रहेको छ ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भने यस अवधिमा उल्लेखनीय उपलब्धि हासिल गरेको बताउनुभएको छ । उहाँले निर्देशक समितिको बैठकमा पुनर्निर्माणबाट प्राप्त उपलब्धिको चर्चा गर्दै विपद् उत्थानशील विकासलाई राष्ट्रिय विकास योजनाको अभिन्न अंगका रूपमा लैजानुपर्ने बताउनुभएको थियो । प्राधिकरणले पुनर्निर्माणसम्बन्धी कार्य सम्पन्न गर्न नसकेपछि सम्बन्धित विभाग, तथा मन्त्रालयलाई त्यससम्बन्धी कामको जिम्मा दिइएको छ । प्राधिकरणले विभिन्न कार्य, स्रेस्ता तथा कागजात राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गरेको छ । अबदेखि पुनर्निर्माण प्राधिकरणको संस्थागत स्वामित्व तथा अभिलेख राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले लिनेछ ।

केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (भवन), केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (शिक्षा) र केन्द्रीय आयोजना कार्यन्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) अन्तर्गत सम्बन्धित स्रेस्ता तथा कागजात सम्बन्धित मन्त्रालय एवं विभागमा हन्तान्तरण भइसकेका छन् ।

## भुकम्प पछिको पुनर्निर्माण उपलब्धि



वि.स.२०७२ वैशाख १२ गते गएको भूकम्प र २९ गते गएको परकम्पबाट ८ हजार ७ सय ९० जनाको ज्यान गएको थियो । सो भूकम्पमा परी २२ हजार ३ जना घाइते भए । मानवीय क्षतिसँगै भौतिक क्षति पनि भयो । ८ लाख ६६ हजार २ सय ७ निजी घर, २ हजार ६ सय ५६ सरकारी भवन, ९ सय २० सांस्कृतिक सम्पदामा क्षतिग्रस्त भए । त्यसैगरी ७ हजार ५ सय ८३ विद्यालय, १ हजार १ सय ६४ स्वास्थ्यचौकी भत्किए । भूकम्पका कारण करिब ७ खर्ब रुपैयाँको आर्थिक क्षति भयो भने यसले सामाजिक तथा जीविको क्षेत्रमा पनि ठूलो असर गर्यो । भूकम्पपछिको यो क्षतिलाई विशिष्ट ढंगले सम्बोधन गर्दै पुनर्निर्माणका लागि २०७२ साल पुषमा स्वायत्त निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरियो । प्राधिकरणको नेतृत्वमा पुननिर्माणका धेरै कामहरु भए । विस.२०७८ साल पुस ९ गते उक्त प्राधिकरण विघटन भयो । तर यस अवधिमा उल्लेख्य काम र सिकाइ भएको विघटित प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत शुशील ज्ञवाली

*पृष्ठ २ मा क्रमश...*

*पृष्ठ १ बाट क्रमश...*

बताउनुहुन्छ। एउटा घुम्ती डकर्मी जसले सामाजिक परिचालकहरूबाट सहयोग लिई घर बनाउन सक्ने सुनिश्चित भयो, त्यहाँ रोजगारी पनि सिर्जना भयो भन्दै ज्ञवाली भन्नुहुन्छ पुनर्निर्माणमा हामीले उच्च समावेशीताको समेत अभ्यास गरेका छौ । यो समावेशिताको हिसाबले न्यायको हिसाबले धेरै महत्वपूर्ण हो । अपांगता भएका परिवारलाई विश्व बैंकको सहयोगमा अपांगतामैत्री संरचना बनाउने देखि विपन्न र पीडितहरु गुनासो सुनेर समस्याको सम्बोधन गर्नु नयाँ अभ्यास भएको उहाँको भनाई छ ।

त्यसैगरी सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बिङ लगायतका करिब एक लाख जति जनशक्ति तालिम पाएर दक्ष भइ उनीहरुले आफ्नै गाउँघरमा पुनर्निर्माणमा सहभागी भई रोजगारीको अवसर पाउनु पनि नयाँ उपलब्धि भएको ज्ञवालीको भनाइ छ । उहांका अनुसार करिब १० लाख जनशक्ति पुनर्निर्माणको काममा संलग्न भए । यसले ४० करोड कार्यदिन बराबरको रोजगारी सिर्जना गर्यो । यसलाई भोलिका दिनमा अघि लैजान सरकारले निर्माणको क्षेत्रमा ठूलो लगानी गरेर अघि बढ्न सकिने अवस्था र अवसर श्रृजना भएको उहाँको भनाइ छ । यी जनशक्तिलाई देशका विभिन्न भागका फुसका छाना वा भूकम्प जोखिम भएका संरचना भत्काई नयाँ बनाउँदा प्रयोग गर्न सकिन्छ । सन् २०३० सम्ममा सुरक्षित नेपाल निर्माण कसरी गर्ने भनेर प्राधिकरणले खाका नै बनाएको र सबै स्थानीय तहमा नक्सा पासको प्रणाली अवलम्बन गर्ने आधार तयार भएको छ । यसले गर्दा देशभरी नै भूकम्प प्रतिरोधी घरहरू बनाउनु पर्छ भन्ने उच्च सचेतना आएको र दक्ष जनशक्तिको रोजगारी सिर्जना गर्न पनि मद्दत मिल्ने अवस्था भएकाले यसलाई अर्को उपलब्धिको रुपमा लिन सकिने ज्ञवालीको भनाइ छ। भौतिक निर्माण संगै जनशक्ति विकास, सुरक्षित संरचना निर्माणको सचेतना, समावेशिताको अभ्यास लगायतका धेरै उपलब्धि यो पुननिर्माणबाट भएकाले यो उपलब्धिलाई आगामी दिनमा थप अवसर प्राप्त गर्ने आधार बनाउन सकिने उहाँको भनाइ छ।

# पुनर्निर्माणका कामलाई प्राधिकरणले प्रभावकारी समन्वय गर्छ : प्रवक्ता भट्टराई



वि.स. २०७२ सालको भूकम्पले भत्काएका आवास तथा अन्य भौतिक संरचनाको पुनर्निर्माणका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरियो । गएको पुषमा प्राधिकरणको कार्यकाल सकिएपछि यस अन्तर्गत हुदै आएका र पुरा हुन नसकेका बाँकी कार्यको समन्वयकारी भूमिका निर्वाहको जिम्मा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई हस्तान्तरण गरिएको छ । यो प्राधिकरणले कसरी काम गर्दैछ त भन्ने बारेमा प्राधिकरणका प्रवक्ता डा. डिजेन भट्टराईसंग गरिएको संक्षिप्त कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले हस्तान्तरण गरेको पुनर्निर्माणसम्बन्धिका जिम्मेवारीहरुलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अघि बढाउँदैछ ?**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सबै जिम्मेवारी आएको होइन । उसले हामीलाई कानुनी र संस्थागत संरचना हस्तान्तरण गरेको हो तर त्यसको कामहरु सबै हामीलाई मात्र दिएको होइन । निजि आवासहरु जति पनि बनिरहेका छन त्यसको जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागले अगाडी बढाइरहेको छ । पुरातात्विक सम्पदाहरु निर्माण गर्ने काम पर्यटन मन्त्रालयअन्तर्गत पुरातत्व विभागले गर्दै आएको छ । कतिपय निर्माणका कामहरु संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जिम्मा लगाइएको छ। यसका साथै भौतिक संरचना निर्माणको कामहरु सम्बन्धित मन्त्रालयलाई जिम्मा लगाइएको छ। मुख्य समन्वयको जिम्मेवारी चाहिं एनडीआरआरएमएले लिएको छ तर कामचाहिं सम्बन्धित् निकायबाट हुन्छ ।

विपदसम्बन्धि जतिपनि गुनासा र समस्याहरु छन् त्यसको सुनुवाइका लागि उपयुक्त संयन्त्र पनि बनाएका छौं । बाँकी पुनर्निर्माण कार्यका लागि हामी प्रभावकारी समन्वय गरेर अघि बढेका छौं र यो समन्वयलाई अझ प्रभावकारी बनाउछौं ।

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बाँकी जिम्मेवारी हस्तान्तरण गरेपछि एनडीआरआरएमएले बाँकी रहेका सबै कामलाई सुचारु गर्न समन्वयात्मक भूमिका कसरी खेलेको छ ?**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिम्मेवारीमा रहेका हिजोका श्रेस्ताहरु, हिसाब किताब, कागजपत्र, त्यसको कानुनि संरचनाहरु हामीलाई हस्तान्तरण भएको छ । उसले गरेका उपलब्धि र आर्थिक हिसाब किताबसमेत हामीले जिम्मा लिएका छौं । तर कानुनी संरचनाअन्तर्गत संस्थाको नाम के राख्ने भन्ने कुरामा पनि अन्यौलता भएको छ । यस्तै, पुनर्निर्माण प्राधिकरणको जिम्मेवारी अन्तर्गत भैरहेका कामहरु सम्बन्धित् मन्त्रालयतिर गएपछि त्यसको संस्थागत संरचना मिलाउनका लागि कानुनको आवश्यकता पर्छ। कानुन निर्माणको लागिआवश्यक तयारी भइरहेको छ । त्यसैले कानूनी तथा संरचनागत तयारी गर्ने देखि अन्य समन्वयका कामहरुमार्फत पुनर्निर्माणका बाँकी कामहरु अघि बढिरहेका छन् ।

**कानुनी तथा संरचनागत अप्ठ्याराहरु केहि छन् कि ?**

भुकम्पपछिको पुनर्निर्माणकै काम सधैं गरिरहने कुरा हुँदैन । त्यसैले अहिलेको नयाँ संरचना अनुरुपको कानून छिटो भन्दा छिटो बनाइसक्छौं । र बाँकी रहेका सबै काम अर्को वर्षको पुष या त्यो भन्दा अघि नै सक्ने लक्ष्य लिएका छौं । कार्य संचालनका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जति पनि मापदण्ड, कार्यविधि, निर्देशिकाहरु बनायो त्यसमा केहि फेरबदल हुन्छ । पहिला राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भनेर नामाकरण गरिएकोमा अब के नाम राख्ने भन्ने बारेमा छलफल हुँदैछ । कानुन संशोधन हुँदा संस्थाको नामसमेत परिवर्तन र संशोधन हुन्छ । आधारभूत कुराहरु परिवर्तन नगरिकन संस्थागत संरचनाहरुको अनुकुल मिलाउने गरि मात्रै कानुन संशोधन गर्ने तयारीमा छौं ।

**पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण तुलनात्मक रुपमा कमजोर देखिन्छ, यसलाई कसरी अगाडी बढाइरहनुभएको छ ?**

एक सय वर्षभन्दा अगाडीका संरचना छन् भने पुरातत्व विभागले र सय वर्षभन्दा पछि निर्माण भएका संरचना पुनर्निर्माणको जिम्मामा स्थानीय तहले लिएको छ । त्यसैले ति संरचना निर्माणको काम स्थानिय तह र पुरातत्व

विभाग दुवै मिलेर एक वर्षभित्रमा सम्पन्न गरिसक्ने गरी काम भएको छ ।

**एनआरएले जिम्मेवारी हस्तान्तरण गरिसकेपछि एनडीआरआरएमएलाई के कस्ता चुनौतीहरु थपिएका छन् ?**

मूल कुरा त एनआरए एउटा ठूलो संरचनागत संस्था थियो । एनडीआरआरएमएको संरचनात्मक संरचना सानो छ तर गर्नुपर्ने काम र जिम्मेवारी धेरै छन् । अहिले भएको संरचनाले कसरी धान्ने भन्ने एउटा चुनौती छ । त्यस्तै हामीसंग दक्ष जनशक्तिको अभाव छ । हामीसंग जिल्ला जिल्लामा पुग्ने संस्थागत संयन्त्र छैन । त्यसैले संगठनात्मक रुपमा चुनौती, दक्ष जनशक्तिको अभाव र एनआरएको जस्तो स्रोत साधन पनि पर्याप्त छैन ।

त्यसका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संस्थागत सबलीकरण गरिनुपर्छ । भुकम्पले क्षति पुर्याएका संरचनाका पुनर्निर्माणका बाँकी काम पुरा गर्ने गरि र आगामी दिनमा आउन सक्ने विपद जोखिमलाई न्यूनीकरण गर्न सक्षम हुने गरि कर्मचारी दरबन्दी र क्षमता विकास गर्नुपर्छ । विपद् जोखिमका क्षेत्रलाई राज्यले महत्वका साथ् लिनुपर्छ र छुट्टै शिर्षक नै राखेर बजेट बिनियोजन गर्नुपर्छ ।

**हुन सक्ने विपद्का घटनाहरु र त्यसको जोखिम न्यूनीकरणका लागि प्राधिकरणले आगामी दिनमा कसरी काम गर्छ ?**

अन्य प्रकोपका लागि हामीले सन् २०१५ देखि २०३० सम्मको १५ वर्षको 'सेन्डाइ फ्रेमवर्क'मा आधारित राष्ट्रिय कार्ययोजना बनाएका छौं । जसमा 'कसरी विपद् जोखिम नियन्त्रण गर्ने' भन्ने विषयमा धेरै विषयबस्तुहरु उल्लेख गरिएको छ । प्रतिकार्यको संरचना कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुराहरु जस्तै प्रहरी परिचालन, स्थानीय स्तरमा स्वयंसेवक परिचालन गर्ने, सुरक्षा निकायहरुको क्षमता अभिवृद्धि गर्ने, उनीहरुलाई दक्ष र अनुभवी बनाउने, शिप र तालिमको व्यवस्था, स्थानीय तहलाई सजग, सक्षम र जिम्मेवार बनाउने, स्थानीय तहले स्थानीय जनतालाई परिचालन गर्ने, जनचेतना अभिवृद्धिलगायतका कुराहरु कार्ययोजनामा समावेश भएका छन् । कार्ययोजनामा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने गरी नै अघि बढेकाछौं ।

यस्तै, पुर्वसुचना प्रणाली, प्रविधिमा विकास, सुचानालाई एकीकृत गर्नका लागि हामीले विपद् पोर्टल बनाएका छौं । विपद्का कारणले कसैको बस्नै नहुने गरि घरजग्गा नै क्षतविक्षत भएको छ भने जग्गा किन्नका लागि ३ लाखसम्म अनुदान दिने व्यवस्थासमेत प्राधिकरणले मिलाएको छ । यिनै कुराहरुको कार्यान्वयन र थप कुराहरु सुधार गर्दै प्राधिकरण अघि बढ्छ ।

# हात्तीको आक्रमणबाट २० वर्षमा २ सय ७४ जनाको मृत्यु



गएको २० वर्षयताको अवधिमा नेपालमा हात्तीको आक्रमणबाट २ सय ७४ जनाको ज्यान गएको छ । मानव हात्ती सहअस्तित्वसम्बन्धी गरिएको एक अध्ययनले हात्तीबाट ज्यान गएकाको तथ्याङ्क सार्वजनिक गरेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत अशोककुमार रामले विद्यावारिधिका क्रममा चार वर्ष छ महिनामा हात्तीका विषयमा गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै सो जानकारी दिनुभएको हो ।

उहाँले हात्तीको आक्रमणबाट सबैभन्दा बढी झापामा ४१ जनाको ज्यान गएको जानकारी दिनुभयो । दोस्रो बर्दियामा ४०, तेस्रो चितवनमा २६ र चौथो सप्तरीमा २३ जनाले हात्तीको आक्रमणबाट ज्यान गुमाएका छन् । त्यसैगरी पर्सामा २१, बारामा २०, सिरहामा १६, उदयपुरमा १६, सुनसरीमा १५ जनाको ज्यान गएको छ । सिन्धुलीमा नौ, धनुषामा नौ, मोरङमा आठ, रौतहटमा सात, सर्लाहीमा पाँच, कञ्चनपुरमा पाँच, मकवानपुरमा पाँच, इलाममा चार, बाँकेमा दुई, महोत्तरीमा एक र नवलपरासीमा एक जनाको ज्यान गएको छ ।

यसै अवधिमा १३८ जना घाइते भएका, तीन हजार ७५५ जनाको सम्पत्ति नष्ट भएको र छ हजार ६०६ जनाको बालीनाली नष्ट भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ । सबैभन्दा बढी जनधनको क्षति झापा, बर्दिया र चितवनमा भएको छ ।

भदौदेखि मङ्सिरसम्मको समयमा धेरै घटना हुने गरेको र साँझ ४ बजेपछिको समय र रातमा ८ बजेपछि ११ बजेसम्मको समयमा हात्तीले बढी आक्रमण गर्ने गरेको अध्ययनमा उल्लेख छ । अशिक्षित, गरिब तथा विपन्न धेरै प्रभावित हुने गरेका छन् । उहाँको अध्ययनमा यस्तो वर्गका ८९ प्रतिशत प्रभावित हुने गरेको देखाइएको छ ।

समुदायमा आएको हात्तीलाई भगाउन पटाका पट्काउने, मदिरा खाएर हात्ती लखेट्न जाने जस्ता कार्य गर्दा मानवीय क्षति बढी हुने गरेको उल्लेख छ । वन क्षेत्र नजिक र चुरेको फेदीमा बसोबास गर्ने दलित जनजाति र गरिब समुदाय बढी संख्यामा हात्तीको आक्रमणमा पर्ने गरेको उहाँले बताउनुभयो ।

हात्तीलाई बस्तीमा पसेको अवस्थामा आगो वा राँको बालेर मात्रै सहज हुने अध्ययनमा उल्लेख छ । गएको २० वर्षमा निकुञ्ज र त्यस आसपासका क्षेत्रमा १० हजार ७९८ मानव हात्तीबीचको द्वन्द्वका कारण घटना भएको उहाँको अध्ययनले देखाएको छ । सन् २००९ देखि घटना बढ्दै गएको देखिन्छ । अहिले देशभर २ सय २७ हात्ती रहेका छन् । तीमध्ये ३७ वटा हात्ती समस्याग्रस्त रहेको भन्दै उहाँले तीमध्ये पाँच हात्ती बढी समस्यामा रहेको जानकारी दिनुभयो ।

समूहमा बस्न रुचाउने यस जनावर समूहबाट बाहिरिएपछि समस्याग्रस्त हुने गरेका छन् । हात्तीले देशको विभिन्न क्षेत्रमा रहेका ५१ वटा करिडोर प्रयोग गर्ने गरेको र तीमध्ये अहिले ३९ वटा मात्रै करिडोरको प्रयोग हुने गरेको छ ।

# तीनै तहका सरकारको जिम्मेवारी स्पष्ट नहुदा विपद् व्यवस्थापनमा अप्ठ्यारो




नेपालमा पटक-पटक विपत् आइरहे पनि संघ, प्रदेश र स्थानीय तहले दीर्घकालीन व्यवस्थापनका लागि व्यवस्थित कार्ययोजना बनाउन नसकेको र तहगत समन्वय अभावमा विपत् व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सरकोकारवालाहरुले बताएका छन्। कोरोना रोकथाम तथा नियन्त्रण, भूकम्प, बाढीपहिरोलगायतका विपद्को अवस्थामा कुन निकायले के गर्ने भन्ने दीर्घकालीन रणनीतिको अभावले विपद् व्यवस्थापनमा चुनौती थपिएको सरोकारवालाहरुको भनाइ छ ।

बागमती प्रदेशअन्तर्गत आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रुद्रसिंह तामाङ दीर्घकालीन रूपमा व्यवस्थापनका लागि कुनै पनि तहले योजना नबनाएको भन्दै विपद्पछि तत्काल उद्धार गर्ने तथा राहत बाँड्ने कुरामा सस्तो लोकप्रियता देखाउन सबै सक्रिय हुने तर दीर्घकालीन व्यवस्थापन गर्ने कुरामा संघ, प्रदेश र स्थानीय तहले के के गर्ने भन्ने कार्य योजना नभएको बताउनुहुन्छ ।

सजिला काममा तीनवटै तहले हात हाले पनि दीर्घकालीन योजनामा गृहकार्य नरहेको उहाँको भनाइ छ। गत वर्ष कोरोना रोकथाम र नियन्त्रण गर्न बागमती प्रदेशमा सेनिटाइजर, मास्क, जस्ता सामाग्रीका लागि २० करोड खर्च गरियो तर त्यसको दीर्घकालीन योजना भने बनेको छैन। नेपाल नगरपालिका संघका अध्यक्ष एवं धुलिखेल नगरपालिकाका प्रमुख अशोककुमार ब्याञ्जु श्रेष्ठ विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहले के के काम गर्ने हो स्पष्ट कानुन संघीय सरकारले बनाउनुपर्ने बताउनुहुनछ ।

कोरोना रोकथाम नियन्त्रण, भूकम्प, बाढी, पहिरोलगायतका विपद्जन्य अवस्थामा स्थानीय सरकारले प्रभावकारी काम गरेको तर केन्द्रदेखि जिल्लासम्म नीतिगत तहमा स्थानीय सरकारको प्रतिनिधित्व नभएको भन्दै तीनै तहको सरकारका प्रतिनिधि बसेर तहगत रूपमा नबाझिने गरी आर्थिक अधिकारसहितको तहगत जिम्मेवारी बाँडफाँडको कार्ययोजना बनाउन ढिलाइ गर्न नहुने ब्याञ्जुको भनाइ छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव अनिता निरौलाका अनुसार विपद् व्यवस्थापनमा तहगत स्पष्टता नहुँदा काम गर्न असहज भएको छ। उहाँले दीर्घकालीन विपद् जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन तीनै तहका सरकारको कार्य क्षेत्र स्पष्ट हुने नीतिगत व्यवस्था गर्न आवश्यक रहेको धारण राख्नु भयो ।

# नेपाली सेनाको हवाई सेवाः धेरैको बच्यो ज्यान

विकेन्द्रित संरचनामा गएको नेपाली सेनाले पछिल्लो समय पश्चिम कमान्डअन्तर्गत सुर्खेतको वीरेन्द्रनगरबाट सञ्चालन गरेको हवाई सेवाले धेरैको ज्यान बचाएको छ।

सुत्केरी तथा प्रकृतिक प्रकोप र विपद्मा परेका सर्वसाधारणलाई नेपाली सेनाको पश्चिम कमान्डअन्तर्गतको हवाइ सेवामार्फत उद्धार गरी सुविधा सम्पन्न ठाउँमा ल्याई उपचारमा सहयोग गर्दै आएको छ। २०७६ साल भदौ १७ मा पश्चिम कमान्डअन्तर्गत नेपाली सेनाले वीरेन्द्रनगरमा पश्चिम हवाई सेवा स्थापना गरी उद्धार कार्यलाई प्रभावकारी बनाउन सुरु गरेको थियो। सुरुमा काठमाडौंबाट हुने उडानहरु २०७६ साल भदौ १७ देखि सुर्खेतबाट लुम्बिनीको बाँके, बर्दिया, सुदूरपश्चिम र कर्णालीको पूरै भागलाई समेटेर पश्चिम एअर बेसबाट उडानका काम हुँदै आएको छ। उद्धारका लागि तीनवटा हेलिकोप्टरसहित उडान दलका समेत तयारी हालतमा राखिएको पश्चिम कमान्डका प्राविधिक प्रमुख सेनानी रचन श्रेष्ठले बताउनुभयो। हालसम्म यो वर्ष गर्भवती र सुत्केरी गरी ४८ जनाको उद्धार गरी सुविधा सम्पन्न ठाउँमा ल्याइयो। २७ वटा अन्य उद्धारका काम भएको पश्चिम हवाई सेवा कार्यालयले बताएको छ। २०७७ सालमा ३४ गर्भवती, अन्य २३ र २०७६ मा ३५ गर्भवती र अन्य १९ जनाको उद्धार गरिएको प्रमुख सेनानी श्रेष्ठले बताउनुभयो।

पश्चिममा एअर बेस स्थापनासँगै उद्धारमा छिटोछरितो भएको स्थानीयवासीले बताएका छन्। पश्चिम क्षेत्रमा सवारी दुर्घटना, बाढी पहिरो, हिउँ पहिरामा परी घाइते भएकालाई समेत सेनाले हेलिकोप्टरबाट उद्धार गर्दै आएको छ। त्यस्तै, राहत वितरणमा समेत नेपाली सेनाले उडान भर्दै आएको छ। प्राकृतिक विपत्तिमा आफ्नै मेडिकल टिम खटाएरसमेत सेनाले जनसेवा गर्दै आएको पश्चिम कमान्डका मेजर जनरल प्रेम शाहीले बताउनुभयो। पश्चिम कमान्डको एअर बेसलाई अझै पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने यस क्षेत्रका सर्वसाधारणको माग रहेको छ। पश्चिम एअर बेसबाट सबैभन्दा बढी डोल्पा, हुम्ला, मुगु र जाजरकोटबाट गर्भवतीको उद्धार गरिएको छ।



Photo:www.google.com

राष्ट्रपति महिला उद्धार कोषमार्फत सेनाले उक्त उद्धारका काम गर्दै आएको हो। राष्ट्रपति महिला उत्थान कार्यक्रम आर्थिक वर्ष २०७५/७६ देखि सुरु भएको थियो। दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा परेका महिलालाई हवाई उद्धार गरी तोकिएको अस्पतालमा पुऱ्याउने काम सेनाले गर्दै आएको छ। सेनाले उद्धार गरी गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा ल्याएर ज्यान बचाउने गरेको छ।

हवाई उद्धार कार्यविधि २०७५ साल कात्तिक ३० को मन्त्रिस्तरीय निर्णयबाट कार्यान्वयनमा ल्याइएको थियो। हवाई उद्धार गरी अस्पताल ल्याइएकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुष्ट बीस हजार उपलब्ध गराउने व्यवस्थासमेत रहेको छ। पूर्ण रुपमा हवाई उद्धार हुने १८ जिल्लाहरुमा ताप्लेजुङ, सङ्खुवासभा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा, मनाङ, मुस्ताङ, रुकुमपूर्व, रुकुम पश्चिम, जाजरकोट, डोल्पा, कालीकोट, मुगु, हुम्ला, बाजुरा, अछाम र दार्चुला रहेका छन्। त्यस्तै, आंशिक रूपमा २९ जिल्लामा पनि उद्धार हुँदै आएको छ।

# २४ औ भुकम्प सुरक्षा दिवस : बलियो संरचना निर्माणमा सबैको जोड




यस वर्षको भूकम्प सुरक्षा दिवस विभिन्न कार्यक्रम गरी देशभर मनाइएको छ । 'भूकम्पीय सचेतना, सुरक्षित संरचना' भन्ने नारा रहेको २४औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसमा सरकारी, गैरसरकारी, राजनीतिक दल, समुदाय तथा निजि क्षेत्रलगायतको सक्रिय संलग्नता रहेको छ । वि.सं १९९० माघ २ गते भूकम्प गएको सम्झनामा २४ वर्ष यता हरेक वर्ष यो दिवस मनाउने गरिन्छ । भूकम्प सुरक्षा दिवसमा आयोजित विभिन्न कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिदेखि सरोकारवाला निकायका सबैले भूकम्प जोखिम न्यूनीकरण र सुरक्षित संरचना निर्माणमा ऐक्यबद्धता जनाइएको छ ।

भूकम्प प्रभावित जिल्लाहरुमा सारोकारवालाहरुले २०७२ सालको भूकम्पपछिको पुनर्निर्माणमा बढि चासो व्यक्त गरेका थिए । उनीहरुले विसं २०७२ मा भूकम्प गएको सात वर्ष बितिसक्दा पनि अझै पुनर्निर्माणले पूर्णता पाउन नसकेको भन्दै जग्गा एकीकरण आयोजनाको समस्या, कतै नगरपालिकाको नियमले पारेको समस्या, कतै गुठी जग्गाको समस्या, कतै बाटो नभएको समस्याले अतिरिक्त जग्गा नहुने भूकम्प प्रभावितको आवासको हक पुरा गर्न नसकिएको गुनासो राखेको थिए । उनीहरुले यी समस्याको समाधानका लागि सम्बन्धित निकायले सहकार्य गरेर भूकम्पपीडितको आवास पुनर्निर्माण पूरा गराउनुपर्नेमा जोड दिएका थिए ।

काठमाडौं उपत्यकाका तीन जिल्लामा आयोजित कार्यक्रममा सहभागिहरुले भूकम्पीय जोखिममा नेपाल विश्वमा ११औं स्थानमा र विश्वका २१ वटा महानगरमध्ये काठमाडौं महानगरपालिका एक नम्बरमा परेको भन्दै भूकम्पीय जोखिमबाट बच्न र बचाउन सुरक्षित संरचना निर्माण गर्नपर्नेमा जोड दिएका थिए । देशभरका कार्यक्रममा भुकम्पीय सुरक्षाका लागि बलियो संरचना आवश्यक रहेको र यसका लागि भवन निर्माण संहिताको परिपालनालाई कडाइकासाथ लागु गर्नुपर्नेमा जोड दिइएका थियो ।

भूकम्प सुरक्षा दिवसका अवसरमा विभिन्न विपद्बाट हुन सक्ने जोखिम र त्यसको प्रतिकार्यको बारेमा प्रयोगात्मक जनचेतनाका कार्यक्रम समेत गरिएको थियो । कतिपय प्रयोगात्मक कार्यक्रमहरु बढ्दै गएको कोरोना महामारीका कारण रोक्नुपरेको थियो ।


# विपद् प्रतिकार्यमा सशस्त्र प्रहरीको भुमका प्रशंसनीय : प्रधानमन्त्री देउवा

प्रधानमन्त्री शेरबहादुर देउवाले विपद् र सीमा सुरक्षामा सशस्त्र प्रहरीको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ । सशस्त्र प्रहरीको २१ औं स्थापना दिवसको अवसरमा माघ ९ गते आयोजित कार्यक्रममा उहाँले २०७२ सालको भूकम्प, प्राकृतिक प्रकोप, कोभिड महामारी, विपद्का घटनासँगै सीमा सुरक्षा र नागरिकको सुरक्षामा सशस्त्र प्रहरीले निर्वाह गरेको भूमिका स्मरण गर्दै उक्त कार्य प्रशंसनीय रहेको बताउनुभएको हो ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, '२०७२ सालको भूकम्प, विभिन्न समयका घटना र दुर्घटना, प्राकृतिक प्रकोप, विपद्का घटना, कोभिड महामारीको नियन्त्रण, सम्पूर्ण प्रतिकार्य र संकटमा नागरिकको सुरक्षा र देशको सुरक्षाको सम्बन्धमा सशस्त्र प्रहरी बलको भूमिका प्रशंसनीय छ' ।

प्रधानमन्त्री देउवाले सशस्त्र प्रहरीको विपद् लगायतका कार्य क्षेत्रमा थप क्षमता अभिवृद्धि गर्ने सोचमा सरकार रहेको भन्दै यसका लागि सशस्त्र प्रहरी र गृह मन्त्रालयले थप गृहकार्य गर्ने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले राज्यको आवश्यकता अनुसार जटिल अवस्थामा प्रतिकार्य गर्न सक्ने अवस्थाको परिकल्पना अनुसार सशस्त्र प्रहरी संगठन स्थापना भएको भन्दै आफ्नै पहलमा स्थापना भएको संगठनको २१ औं



वर्षसम्मा शसस्त्रप्रहरीले विपद् प्रतिकार्यमा हासिल गरेका उपलब्धिबाट आफू सन्तुष्ट रहेको धाराणा राख्नुभयो । भविष्यमा विपद् प्रतिकार्यमा थप काम गर्नका लागि शसस्त्र प्रहरीलाई अझ सबल बनाउने तर्फ सरकारको पहल रहने बताउनुभयो ।

# विपद् प्रभावितको मर्यादित् जीवनको अधिकार सुनिश्चित गर्न स्फियर मापदण्ड आवश्यक




विपद् न्यूनीकरण र पूर्वतयारीमा ध्यान दिनुपर्ने आवश्यताका बारेमा सचेतना कार्यक्रम गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गण्डकी प्रदेश सरकारको समन्वयमा प्रकोप पूर्वतयारी सञ्जाल नेपालको आयोजनामा स्फियर मापदण्ड सचेतनाको कार्यक्रम गरिएको हो ।

सञ्जालका अध्यक्ष सूर्यबहादुर थापाले मानवीय प्रतिकार्यको गुणस्तरमा सुधार ल्याउन र आफ्ना क्रियाकलापका लागि जवाफदेही हुने उद्देश्यसहित सन् १९९७ स्फियर सुरुआत भएको जानकारी दिनुभयो । स्फियरले विशेषतः विपद् अथवा द्वन्द्वबाट प्रभावित मानिसलाई मर्यादित जीवन बाँच्न पाउने अधिकार, उनीहरुलाई सहयोग प्राप्त गर्ने अधिकार साथै विपद् अथवा द्वन्द्वबाट उत्पन्न मानवीय पीडालाइ कम गर्न सम्भव सबै कदम चालिनुपर्छ भन्ने मूलभूत सिद्धान्त स्फियरको रहेको उहाँले बताउनुभयो ।

उहाँले नीतिनियम ऐन सबै बनेको तर जोखिम न्यूनीकरण र पूर्वतयारीका लागि पर्याप्त ध्यान र लगानी हुन नसकेको बताउनुभयो । सचेतना कार्यक्रममा प्राधिकरणका उपसचिव डा. डिजन भट्टराईले प्राधिकरणका क्षेत्राधिकारभित्र रहेको कार्यका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले जिल्ला व्यवस्थापनको कोषमा गएर पैसा जम्मा हुने तर प्रभावितसम्म पुगेर कार्यको थालनी हुननसकेको बताउनुभयो ।

सहजकर्ता शक्ति गुरुङले स्फियर निर्देशिकामा समेटिएका विषयमा प्रष्ट पार्नुभएको थियो । विशेषगरी मानवीय बडापत्र, संरक्षणसम्बन्धी सिद्धान्त मूलभूत मानवीय मापदण्ड, पानी आपूर्ति, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन, खाद्य सुरक्षा तथा पोषण, आवास तथा बस्ती र स्वास्थ्य सूचकका बारेमा जानकारी गराउनुभएको थियो ।

गण्डकी प्रदेशका योजना तथा विपद् व्यवस्थापन शाखाका उपसचिव यामप्रसाद सुवेदीले विपद् न्यूनीकरणमा प्रदेश सरकारले अवलम्बन गरेका नीतिका बारेमा जानकारी गराउनुभएको थियो ।

# समावेशिता सम्बोधन गर्दै स्थानीय सरकारका विपद् व्यवस्थापन नीतिहरू

पछिल्लो समयमा स्थानीय सरकारले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रसंग सम्बन्धित् नीति बनाउँने र संरचना तयार गर्ने  कामहरु अघि बढाएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव ऋषि आचार्यका अनुसार हाल सम्म १ सय २१ वटा स्थानीय सरकारले स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र स्थाना गरिसकेका छन् । यी केन्द्र संचालनका लागि कार्यविधि समेत बनाइएको छ । कार्यविधिले समावेशिताका सवाललाई स्पष्ट सम्बोधन गरेको मन्त्रालयको भनाइ छ ।

उपसचिव आचार्यका अनुसार महिला, बालबालिका, गर्भवती महलि, अपांगता भएका व्यक्तिहरु, अशक्त, वृद्ध, बृद्धा, दीर्घ रोगी तथा विपन्न व्यक्तिहरुका विशिक्ष्टतालाई कार्यविधिले स्पष्ट सम्बोधन गरेको  छ ।  कार्यविधिले नेपालको संविधान, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ को भावना अनुरोप विपद् जोखिम न्यूनकिरण र व्यवस्थापनमा समावेशीताका सवालहरु सम्बोधन गरेकाले स्थानीय सरकार मार्फत् विपद् र समेवेशिताको  सवाल अब समुदायसम्म पुग्ने अवस्था भएको  छ ।

कतिपय स्थानीय सरकारले स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन समेत  तयार गरेका छन् । त्यसैगरी स्थानीय सरकार अन्तर्गत विपद् व्यवस्थापन कोषको कार्यविधि बनाउँने र राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनीतिको स्थानीयकरण गर्ने कामहरु पनि भएका छन् । यी सबै दस्तावेजले समावेशिताको सवाललाई प्राथमिकतका साथ सम्बोधन गरेका उपसचिव आचार्य बताउनुहुन्छ । उहाँका अनुसार नीतिगत रुपमा समावेशिताका सवालहरु विपद्संग जोडेर सम्बोधन हुनु विपद्लाई विकाससंग जोडेर काम गर्नु पर्छ भन्ने मान्यतालाई व्यवहारमा उतार्नका लागि भएको ठूलो सफलता हो ।

आगामी दिनमा यो नीतिगत अभ्यासलाई देशका ७ सय ५३ वटै स्थानीय तहसम्म लैजाने कार्यलाई  तिब्रता दिनु आवश्यक रहेको र त्यसका लागि मन्त्रालयले आवश्यक सहजीकरण गरिरहेको उहाँ बताउनुहुन्छ । स्थानीय सरकारले हरेक वर्ष बनाउँने स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले पनि समावेशितालाई सम्बोधन गरेको मन्त्रालयको भनाइ छ ।



अबका दिनमा नीतिले व्यवस्था गरेका प्रावधानलाई समावेशिताको भावना अनुरुप विपद् प्रतिकार्यमा लागु गर्नका लागि स्थानीय सरकारलाई क्षमता विकास, जनशक्ति व्यवस्थापन, प्रविधि तथा उपकरण सहयोग जस्ता क्षेत्रमा सघाउँनु पर्ने उहाँ बताउनुहुन्छ । उता सरकार संगै विपद् व्यवस्थापनको क्षेत्रमा काम गरेका डिपिनेट जस्ता संजाल देखि तयार परियोजना लगायतले समेत स्थानीय सरकारको विपद् प्रतिकार्य क्षमता विकासमा धेरै काम गरिहेका छन् । यस्ता कार्यमा समावेशिता प्राथमिकताका साथ सम्बोधन गरिएको छ । नीति निर्माण देखि तालिम संचालनसम्मका कार्यमा स्थानीय सरकारमा भएका समावेशिताका यी सफल अभ्यासहरुलाई आगामी दिनमा निरन्तरता दिदै थप कामहरु गर्न आवश्यक रहेको सरोकारवालहरुको भनाइ छ ।

**वर्षा र बाढीका लागि थाहा पाउँन ११५५ र उद्धारका लागि मद्दत लिन ११४९ मा सम्पर्क गर्नुहोस् ।**

# अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID अमेरिकी जनताबाट

DPNet Nepal

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
**कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौ**
**फोन नं. : ०१-४६७२१६५, ६२२६६१३**
**Email: dpnet@dpnet.org.np**
**https://www.dpnet.org.np**

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।